प्रदेश सरकार

# भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं २, जनकपुरधाम

## कम्प्युटर, प्रिन्टर वितरणको लागि सहकारी संघ/संस्थाहरुसँग निवेदन माग गरिएको सूचना

(प्रकाशित मिति २०७७।०३।१२)

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको चालु आ.ब।०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस प्रदेश नं. २ अन्तर्गत संचालित सहकारी संस्था, विषयगत सहकारी संघ तथा महिला सहकारीहरुलाई कम्प्युटर प्रिन्टर वितरण गर्नुपर्ने कार्यक्रम भएकोले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र स्वीकृत कार्यविधि " सहकारी संस्था, विषयगत सहकारी संघ तथा महिला सहकारीहरुलाई कम्प्युटर प्रिन्टर वितरण कार्यविधि, २०७६" को अनुसूची १ वमोजिमको ढाँचामा तपसील अनुसारको कागजातहरुको साथ निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसीलः

| सि.न. | विवरण | संख्या | अनुदानको किसिम | कार्यक्रम लागू हुने जिल्लाहरु | योग्य आवेदक |
|---|---|---|---|---|---|
| १ | Computer Printer | १०० | निःशुल्क | प्रदेश नं. २ अन्तर्गतका सबै जिल्लाहरु | सहकारी संघ/संस्थाहरु |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. संस्था दर्ताको प्रमाणपत्र २. PAN/VAT मा दर्ता ३. संचालक समितिको सूची ४. आ.व. ०७६/०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ५. विगत ३ वर्षको लेखा परीक्षण प्रतिवेदन ६. यस आ.व. ०७६/०७७ को साधारण सभाको प्रतिवेदनको प्रतिलिपि ७. संस्थाको संचालक समितिबाट कम्प्युटर प्रिन्टर माग भएको निर्णयको प्रतिलिपि ८. COPOMIS संस्थामा लागू गरेको निर्णय वा प्रमाणित हुने कागजात ९. यस मन्त्रालयबाट चालु आ.व. ०७६/०७७ मा कार्यक्रम संचालनमा सहकार्य वा अनुदान प्राप्त नगरेको स्वःघोषणा पत्र ११. सहकारी विभागद्वारा जारी भएको सम्पत्ति शुद्धीकरण निर्देशन २०७४ वमोजिमको निर्देशन पालना गरेको स्व घोषणा १२. स्थानीय तहको संस्था संचालनमा रहेको सिफारिश

नोटः १. सहकारी संस्था, विषयगत सहकारी संघ तथा महिला सहकारीहरुलाई कम्प्युटर प्रिन्टर वितरण कार्यविधि, २०७६" यस मन्त्रालयको website : molmac.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

२. यस अघि आ.व. २०७५/०७६ मा कम्प्युटर प्रिन्टर प्राप्त गरिसकेका सहकारी संघ/संस्थाहरु यस चालु आ.व. ०७६/०७७ को कम्प्युटर प्रिन्टर वितरण अनुदानको लागि योग्य हुने छैन। साथै खरिद प्रकृया पुरा भई कम्प्युटर प्रिन्टर प्राप्त भएपश्चात मात्र कम्प्युटर प्रिन्टर छनौट भएका सहकारी संघ/संस्थाहरुलाई वितरण गरिनेछ।